नलगाड नगरपालिकाबाट प्रकाशित

# नलगाड राजपत्र

खण्डः ४ संख्याः १ दल्ली जाजरकोट मितिः २०७७/०८/२२

## भाग-४

## नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सूचना

नेपालको संविधान बमोजिम नलगाड नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## एम्वुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७

सम्वत् २०७७ सालको निदेशिका नं. १

**प्रस्तावना**: नलगाड नगरबासीहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउन एम्बुलेन्स सेवा सरल, भरपर्दो, व्यवस्थित, प्रभावकारी रुपमा सञ्चालन गरि एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकाले, नलगाड नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) को अधिकार प्रयोग गरी नलगाड नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

(१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई नलगाड राजपत्रमा प्रकाशित पछि प्रारम्भ हुनेछ ।

(२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "प्रमुख" भन्नाले नलगाड नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले नलगाड नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नलगाड नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र सहचालक समेतलाई जनाउँछ ।

(ङ) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।

(च) "चालक" भन्नाले एम्बुलेन्सको चालक सम्झनुपर्छ ।

(छ) "कार्यपालिकाको कार्यालय" भन्नाले नलगाड नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ज) "संस्था" भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने नलगाड नगर कार्यपालिकाको कार्यालय वा अर्न्तगतका वडा कार्यालयहरु, स्वास्थ्य चौकी, सेवा केन्द्र र अन्य सरकारी तथा गैर सरकारी संस्था समेतलाई सम्झनुपर्छ ।

(झ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्छ ।

(ञ) "सञ्चालन समिति" भन्नाले दफा ४ बमोजिम गठित एम्बुलेन्स सेवा सञ्चालन समिति सम्झनुपर्छ ।

(ट) "नगरपालिका" भन्नाले नलगाड नगरपालिकालाई सम्झनु पर्छ ।

(ठ) "कार्यपालिका" भन्नाले नलगाड नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(३) **सेवा सञ्चालन अनुमतिः** (१) जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समिति र नगर कार्यपालिकाको कार्यालयले अनुमति प्रदान गरेपछि नगरपालिका अर्न्तगतका संस्था र अन्य सरकारी तथा गैर सरकारी संस्थाले एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछन ।

(२) नलगाड नगरपालिका क्षेत्रभित्र सेवा सञ्चालन गर्ने गरी दर्ता भई जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समितिबाट अनुमति लिएका एम्बुलेन्स सेवा सञ्चालन गर्ने समितिले नगर कार्यपालिकाको

कार्यालय अर्न्तगतको आधारभुत स्वास्थ्य शाखामा एम्बुलेन्स सेवा सञ्चालन गर्न जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समितिले दिएको अनुमतिको प्रतिलिपि र सेवा सञ्चालन अनुमतिको निवेदन पेश गर्नुपर्नेछ ।

(३) नगर कार्यपालिकाको कार्यालयले निवेदन र जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समितिले दिएको अनुमतिका आधारमा सेवा सञ्चालन गर्ने समितिलाई सूचिकरण गरि अनुमति प्रदान गर्नेछ । सेवा सञ्चालन गर्ने समिति अनिवार्य रुपमा नगर कार्यपालिकाको कार्यालयमा सूचिकृत हुनुपर्नेछ ।

(४) सूचिकरण गरि अभिलेख राख्ने काम नगर कार्यपालिकाको कार्यालय अर्न्तगतको आधारभुत स्वास्थ्य शाखाले गर्नेछ ।

(४) **एम्बुलेन्स सेवा सञ्चालन समितिः** (१) एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्न एम्बुलेन्स सञ्चालन गर्न सम्बन्धित संस्थाले एम्बुलेन्स सेवा सञ्चालन समिति गठन गुर्नपर्नेछ ।

(२) नगर कार्यपालिकाको कार्यालयमा एम्वुलेन्स सेवा सञ्चालन गर्न देहायका पदाधिकारी रहेको एक एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) नगर प्रमुखबाट मनोनित कार्यपालिका सदस्य १ जना | सदस्य |
| (घ) प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) नगर स्वास्थ्य संयोजक | सदस्य-सचिव |

(३) नगरपालिका अर्न्तगतका संस्थाबाट सञ्चालन गरिने एम्बुलेन्स सेवाका लागि देहाय बमोजिमको एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडाध्यक्ष | संयोजक |
| (ख) वडा सचिव | सदस्य |
| (ग) वडाध्यक्षबाट मनोनित वडा सदस्य १ जना | सदस्य |
| (घ) वडामा रहेका रेडक्रस सोसाईटी प्रतिनिधि १ जना | सदस्य |
| (ङ) सम्बन्धित वडाको स्वास्थ्य चौकी प्रमुख | सदस्य-सचिव |

(४) उपदफा (३) बमोजिम गठन हुने एम्बुलेन्स सेवा सञ्चालन समितिमा स्वास्थ्य चौकीले सञ्चालन गरेमा स्वास्थ्य चौकी प्रमुख सदस्य सचिव रहनेछन, वडा कार्यालयले सञ्चालन गरेमा वडा सचिव सदस्य सचिव रहनेछन भने अन्य संस्थाको हकमा सेवा सञ्चालन गर्ने संस्थाका प्रमुख सदस्य सचिव भई काम गर्ने छन ।

(५) अन्य सरकारी तथा गैर सरकारी संस्थाको हकमा सेवा सञ्चालन गर्ने समिति संस्था आफैले निर्धारण गरेको संख्या तथा पदाधिकारीको आधारमा हुनेछ ।

(६) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता सम्बन्धित सेवा संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(८) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(५) अनुगमन तथा निरीक्षण सम्बन्धमाः** (१) नगर कार्यपालिकाको कार्यालयले सञ्चालन गर्ने एम्बुलेन्स सेवाको व्यवस्थापन तथा अनुगमन दफा (४) को उपदफा (२) बमोजिमको समितिले गर्नेछ ।

(२) दफा (४) को उपदफा (३), (४) र (५) बमोजिम गठन हुने एम्बुलेन्स सेवा सञ्चालन समितिले गरेको काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको अनुगमन तथा निरीक्षण समिति रहनेछ ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | संयोजक |
| (ख) स्वास्थ्य सेवा सञ्चालक समितिका अध्यक्ष १ जना | सदस्य |
| (ग) नगर प्रमुखबाट मनोनित कार्यपालिका सदस्य १ जना | सदस्य |
| (घ) नगर कार्यपालिकाको कार्यालय प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) नगर स्वास्थ्य संयोजक | सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिम गठन हुने अनुगमन तथा निरीक्षण समितिले दफा (४) को उपदफा (३), ( ४) र (५) बमोजिम गठन हुने एम्बुलेन्स सेवा सञ्चालन समितिको काम कारबाहीलाई जुनसुकै वेला अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(४) समितिले दिएको सुझावहरुको पालना गर्नु सेवा सञ्चालन गर्ने सँस्थाको दायित्व हुनेछ ।

(५) एम्बुलेन्स सेवा सञ्चालनमा आएका विवाद दफा ४ को उपदफा (२), (३), (४) र (५) बमोजिम सेवा सञ्चालन गर्ने सँस्थाले सामाधान गर्न नसकेमा नगर कार्यपालिकाको निर्णयलाई अन्तिम निर्णय मानि सोही अनुसार हुनेछ ।

**(६) एम्बुलेन्स सेवा सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) एम्बुलेन्स सेवा पारदर्शि, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गराउने ।

(ख) सेवा सञ्चालन नियमित भए वा नभएको अनुगमन गर्ने ।

(ग) एम्वुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका बमोजिम आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(घ) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(ङ) सञ्चालक समितिले निर्धारण गरेको भाडादर वा सेवा शुल्क कार्यान्वयन गर्ने गराउने ।

(च) सरोकारवाला तथा अन्य संघ सँस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवाका बारेका समिक्षा बैठक गर्ने ।

(छ) एम्बुलेन्स सेवा बापत उठेको रकम सेवा सञ्चालक समितिले नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैकमा खाता खोली त्यसमा जम्मा गर्ने व्यवस्था मिलाउने । बैंक खाता सञ्चालन सेवा सञ्चालक समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट गर्ने । प्रत्येक बर्ष लेखापरिक्षण कार्य गराउने र सोको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयसँगै सम्बन्धित ठाँउमा पठाउने व्यवस्था मिलाउने ।

(ज) प्रत्येक चौमासिक महिनामा एम्बुलेन्स सेवा पुऱ्याएका सेवाग्राहीहरुको विवरण तथा आय व्ययको विवरण सहितको प्रतिवेदन शाखाले नगर कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउने ।

(झ) जिल्लाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड सेवा सञ्चालक समितिको सिफारिसमा नलगाड नगर कार्यपालिकाको कार्यालयले बनाउने ।

(ञ) जिल्ला तथा केन्द्रमा पठाउने प्रतिवेदनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ बमोजिम हुनेछ ।

(ट) नगर कार्यपालिकाको कार्यालयले निर्धारण गरे अनुसार सेवा शुल्क वा भाडा लिई सोको विल सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था मिलाउने

(ठ) जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समिति तथा नगर कार्यपालिकाको कार्यालयले समय समयमा दिएका निर्देशनको पालना गर्नुपर्ने ।

(ड) अन्य आवश्यक काम सेवा सञ्चालक समितिले प्रचलित कानुन बमोजिम गर्न सक्नेछ ।

(७). **एम्बुलेन्स सेवा सञ्चालन गर्ने संस्थाको कर्तव्यः** संस्थाको कर्तव्य देहाय बमोजिम हुनेछः

(क) प्रचलित कानुनमा उल्लेख भए बमोजिमको शर्तहरु पालना गरी सेवा सञ्चालक समितिको समन्वयमा एम्बुलेन्स सेवा सञ्चालन गुर्नपर्ने ।

(ख) संस्था र सञ्चालकको नाम, ठेगाना, टेलिफोन नम्बर, सेवा शुल्क सम्बन्धि विवरण सम्बन्धित संस्था तथा एम्बुलेन्समा समेत सबैले देख्ने ठाँउमा लेखी टाँस्नु पर्ने ।

(ग) एम्बुलेन्सले सेवा दिएको स्थान, मिति र समय खुल्ने गरी सवारी लगबुक राख्नुपर्नेछ । लगबुक भर्ने जिम्मेवारी चालकको हुनेछ भने सोको प्रमाणीत गर्ने जिम्मेवारी सेवा सञ्चालन गर्ने समितिको सदस्य सचिव हुनेछ ।

(घ) एम्बुलेन्स सेवा आकष्मिक सेवा भएकाले त्यसलाई सुचारु बनाई राख्न पहलकदमी गर्ने ।

(ङ) एम्बुलेन्सलाई चौबीसै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नुपर्ने ।

(च) एम्बुलेन्समा विरामी लिई विदेश जानु पर्ने भए कानुन बमोजिम स्वीकृति लिनुपर्ने ।

(८) **सेवा शुल्क तथा भाडा दरः** (१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सेवाग्राहीले तोकिएको सेवा शुल्क तथा भाडादर बुझाउनु पर्नेछ । सेवा शुल्क तथा भाडादर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ । यो भाडादर अन्य सरकारी तथा गैर सरकारी संस्थाको हकमा पनि लागु हुनेछ भने जिल्ला एम्बुलेन्स सेवा सञ्चालन समितिले सेवा शुल्क तथा भाडा दरमा संसोधन गरेमा नगर कार्यपालिकाको निर्णयका आधारमा नगर कार्यपालिकाको कार्यालयले सेवा शुल्क तथा भाडा दरमा संसोधन गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि सेवा सञ्चालक समितिले आफ्नो नाममा नगदी रसिद छपाई उपलब्ध गराउनेछ र सोको अभिलेख सम्बन्धि सेवा सञ्चालक संस्थाले राख्नेछ ।

(४) सेवा दिएवापत उठेको सेवा शुल्क रकम बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(५) बैंक खातामा जम्मा भएको रकम सामान्यतया चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्स मर्मत सम्भार, सवारी कर, सवारी बिमा नविकरण शुल्क, एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिद र चालकको दुर्घटना बिमा बापतको प्रिमियम रकममा खर्च गरिनेछ ।

(९) **चालकको नियुक्ति र सेवा सुविधाः** (१) एम्बुलेन्स सेवा सञ्चालन गर्न एकजना योग्यता पुगेको चालक सेवा करारमा सेवा सञ्चालक समितिको निर्णय बमोजिम नगर कार्यपालिकाको कार्यालयले नियुक्ति गर्नेछ । चालक छनौट सम्बन्धि मापदण्ड सेवा सञ्चालन गर्ने समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) चालकको सेवा सुविधा सेवा सञ्चालन गर्ने समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) सेवा सञ्चालक समितिले करार सेवामा चालक नियुक्ति नगरेसम्मका लागि नगर कार्यपालिकाको कार्यालयमा कार्यरत चालकले नगर कार्यपालिकाको कार्यालयको स्वीकृतिमा आफ्नो समय व्यवस्थापन गरी एम्बुलेन्स सेवा दिनसक्नेछ । सेवा दिए बापत चालकले सेवाग्राहीबाट उठेको

रकमको २० प्रतिशत रकम भत्ता बापत पाउनेछ । यो कुरा अन्य सरकारी तथा गैर सरकारी संस्थाले सञ्चालन गर्ने एम्बुलेन्स सेवामा लागु हुने छैन ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची-२ मा उल्लेख भए अनुसार हुनेछ । यो कुरा सबै संस्थाको एम्बुलेन्स सेवा सञ्चालन गर्ने चालकमा लागु हुनेछ ।

(५) चालकको दुर्घटना बिमा सेवा सञ्चालन गर्ने समितिले निर्धारण गर्नेछ र सोको प्रिमियम बापतको रकम दफा ८(५) बमोजिम हुनेछ ।

**(१०) एम्बुलेन्स रहने स्थान र सोको रेखदेख तथा मर्मत सम्भार**: (१) बिरामीको चापलाई मध्ये नजर गरि एम्बुलेन्स रहने स्थान नगर कार्यपालिकाको कार्यालयले तोक्नेछ ।

(२) प्रचलित कानुनी प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी सेवा सञ्चालन गर्ने समितिको सिफारिसमा चालकले गर्नेछ ।

(३) अन्य सरकारी तथा गैर सरकारी संस्थाले सञ्चालन गरेको एम्बुलेन्सको हकमा एम्बुलेन्स रहने स्थान सेवा सञ्चालन गर्ने समितिले निर्धारण गर्नेछ ।

**(११) विविधः** (१) 'ग' वर्गको एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिको विवरण अनुसूची-३ बमोजिम हुनेछ ।

(२) एम्बुलेन्स सेवा सञ्चालन निर्देशिकामा संसोधन गर्नुपर्ने भए सेवा सञ्चालन गर्ने समितिको सिफारिसको आधारमा कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

अनुसूची-१

दफा ८ को उपदफा (१) सँग सम्बन्धित

| क्र.स. | स्थान | | कायम भाडा दर ग वर्गको |
|---|---|---|---|
| | कहाँदेखि | कहाँसम्म | |
| **१.** | **नलगाड नगरपालिका अर्न्तगत (५ कि.मि. सम्म)** | **नगर कार्यपालिकाको कार्यालय** | **१०००** |
| **२.** | **दल्ली देखि सुर्खेत, नेपालगंज सडक खण्ड** | | |
| २.१ | रिम्ना | नगर कार्यपालिकाको कार्यालय | २५०० |
| २.२ | खलंगा | नगर कार्यपालिकाको कार्यालय | ४००० |
| २.३ | कुदु | नगर कार्यपालिकाको कार्यालय | ५००० |
| २.४ | सल्लीवजार | नगर कार्यपालिकाको कार्यालय | ७००० |
| २.५ | मेहेलकुना | नगर कार्यपालिकाको कार्यालय | ८००० |
| २.६ | छिञ्चु | नगर कार्यपालिकाको कार्यालय | १०००० |
| २.७ | वीरेन्द्रनगर | नगर कार्यपालिकाको कार्यालय | ११००० |
| २.८ | कोहलपुर | नगर कार्यपालिकाको कार्यालय | ११५०० |
| २.९ | नेपालगंज | नगर कार्यपालिकाको कार्यालय | १२००० |
| **३.** | **दल्ली देखि लखनउसम्म** | **नगर कार्यपालिकाको कार्यालय** | **२००००** |
| **४** | **दल्ली देखि काठमाण्डौसम्म** | **नगर कार्यपालिकाको कार्यालय** | **२८०००** |
| ४.१ | चितवन | नगर कार्यपालिकाको कार्यालय | २५००० |
| **५.** | **दल्ली देखि तल्लुवगर सडक खण्ड** | **नगर कार्यपालिकाको कार्यालय** | |
| ५.१ | तल्लुवगर | नगर कार्यपालिकाको कार्यालय | ४००० |
| ५.२ | चौखा | नगर कार्यपालिकाको कार्यालय | ३५०० |
| ५.३ | रग्दा | नगर कार्यपालिकाको कार्यालय | ३००० |
| ५.४ | तान्त्रगाड | नगर कार्यपालिकाको कार्यालय | २५०० |
| ५.५ | मैदे | नगर कार्यपालिकाको कार्यालय | १८०० |
| ५.६ | हल्चौर | नगर कार्यपालिकाको कार्यालय | १८०० |
| **६.** | **दल्ली देखि बारेकोट सडक खण्ड** | **नगर कार्यपालिकाको कार्यालय** | |
| ६.१ | बारेकोट | नगर कार्यपालिकाको कार्यालय | ६००० |
| ६.२ | सेपुखोला | नगर कार्यपालिकाको कार्यालय | ३५०० |
| ६.३ | लिम्सा घाट | नगर कार्यपालिकाको कार्यालय | ५००० |
| **७.** | **दल्ली देखि थाप्ला सडक खण्ड** | **नगर कार्यपालिकाको कार्यालय** | |
| ७.१ | थाप्ला | नगर कार्यपालिकाको कार्यालय | ३००० |
| ७.२ | खाल्चौर | नगर कार्यपालिकाको कार्यालय | २५०० |
| ७.३ | खान्टाकुरा | नगर कार्यपालिकाको कार्यालय | २००० |
| ७.४ | सिर्के | नगर कार्यपालिकाको कार्यालय | २५०० |
| **८.** | **दल्ली देखि कल्पत सडक खण्ड** | **नगर कार्यपालिकाको कार्यालय** | |
| ८.१ | कल्पत | नगर कार्यपालिकाको कार्यालय | १५०० |
| ८.२ | कट्के | नगर कार्यपालिकाको कार्यालय | २००० |
| ८.३ | कैना | नगर कार्यपालिकाको कार्यालय | १५०० |
| ८.४ | पारी करुवा | नगर कार्यपालिकाको कार्यालय | २५०० |
| ८.५ | करुवा | नगर कार्यपालिकाको कार्यालय | ३००० |

## अनुसूची-२

### दफा ९ को उपदफा ४ सँग सम्बन्धित एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ तथा नलगाड नगरपालिकाले बनाएको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७६ पुर्णतः पालन गर्नुपर्नेछ।

२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

४) बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको आफन्त सधै सम्मानर्पूवक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने ।

५) आफुले लिएको निर्णयहरुमा आफु व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने ।

६) आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

७) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

८) बिरामीलाई बिच बाटोमा छाड्न नहुने ।

९) आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी कुनै तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिन सक्ने ।

१०) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्‍याउनु पर्ने ।

११) आफुले उचित देखेको, बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी सेवा सञ्चलन गर्ने सँस्थालाई जानकारी गराउने ।

१२) प्रचलित कानुनको पालना गर्ने ।

१३) सेवा सञ्चालन गर्ने सँस्थाले बनाएका अन्य नियम, मापदण्ड र निर्देशनहरुको पालना गर्ने । म.................................................(नाम)........................................................ ठेगाना ............................................ ना.प्र.नं.............................................. जिल्ला, ड्राइभिङ्ग लाइसेन्स नं................................................ ले माथि उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । ............................ जिल्ला........................................................ सँस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहीछाप गरेको छु।

| चालकको | रोहवरमा प्रमाणित गर्ने व्यक्तिका दस्तखत |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| मितिः | मितिः |

अनुसूची-३

दफा ११ को उपदफा (१) सँग सम्बन्धित

**'ग' बर्गको ( Common Life Support (CLS) ) एम्बुलेन्समा हुनपर्ने औषधि र उपकरणको विवरणः**

- First Aid का सामानहरु
- Oxygen Cylinder, Flow Meter / Mask जडित सामाग्रीहरु
- IV injection दिन सक्ने व्यवस्था
- Stretcher Cum Bed
- Stethoscope, B. P. Apparatus, Torchlight
- Driver with Basic Training in First Aid and Emergent Medicine

आज्ञाले

सुरेन्द्र सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत